# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं असोज ३ गते २०६४ साल (अतिरिक्ताङ्क ३७(ग)

## भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको सूचना

### अन्तःशुल्क (आठौं संशोधन) नियमावली, २०६४

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "अन्तःशुल्क (आठौं संशोधन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम ३० मा संशोधनः अन्तःशुल्क नियमावली, २०५९ को नियम ३० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बियर उत्पादन गर्ने प्रतिष्ठानले तयारी बियर अन्तिम रुपमा बोतलबन्दी गर्दा विभाग वा कार्यालयबाट सिलबन्दी गरिएको स्थायी रुपमा जडित विद्युतीय सूचना सम्प्रेषण क्षमता भएको अटो फ्लोमिटर सहितको पाइपबाट मात्र बोतलबन्दी गर्ने गरी विभागले तोक्नेछ । प्रतिष्ठानले बियर निस्काशन गर्दा प्याक भएको प्रत्येक कार्टुनमा विभागद्वारा तोकिएको अन्तःशुल्क टिकट समेत टाँस गर्नु पर्नेछ ।"

आज्ञाले,
विद्याधर मल्लिक
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार